# काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www .kankrebihar .com

राष्ट्रिय दैनिक

वर्ष : २६ | अंक : ३३ | बुधवार, ११ कात्तिक, २०८३ | Wednesday, 28 Oct 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०







## साउन यता ४ सचिव सहित ४६४ कर्मचारीले दिए राजीनामा

काँक्रेविहार संवाददाता
काठमाडौं, १० कात्तिक

गत साउन १ गते आर्थिक वर्ष सुरु भएदेखि आजसम्म ४ सचिवसहित ४६४ कर्मचारीले राजीनामा दिएका छन् । राष्ट्रिय किताबखाना (निजामती)ले दिएको जानकारी अनुसार राजपत्राङ्कित र राजपत्र अनङ्कित गरी त्यति कर्मचारीले राजीनामा दिएका हुन् ।

किताबखानाका निर्देशक तथा सूचना अधिकारी सुदन ख्वाखली श्रेष्ठका अनुसार राजपत्राङ्कित २०७ जना र अनङ्कित २५७ कर्मचारीले पदबाट राजीनामा दिएका हुन् । किताबखानाका अनुसार राजीनामा दिने राजपत्राङ्कित कर्मचारीमा ४ सचिव, ३३ सहसचिव, ७२ उपसचिव र ९८ शाखा अधिकृत तहका कर्मचारी छन् ।

त्यस्तै राजीनामा दिन राजपत्र अनङ्कित कर्मचारीमा १३७ जना खरदार तथा नायब सुब्बा तहका कर्मचारी छन् । त्यस्तै १२० जना श्रेणीविहीन कर्मचारी छन् ।

सरकारले प्रतिनिधि सभामा दर्ता गरेको निजामती कर्मचारी विधेयकमा विधेयक कार्यान्वयनमा आउने बेलामा पहिलो पटक ३० वर्ष सेवा अवधि पुगेको वा ५५ वर्ष पुगेका कर्मचारीले राजीनामा दिनु पर्ने व्यवस्था राखिएपछि कर्मचारीहरूले धमाधम राजीनामा दिएका हुन् । तर, राजीनामा दिने कर्मचारीले राजीनामा पत्रमा भने घरायसी कारण भनेका पनि किताबखानाले जनाएको छ ।

किताबखानाका अनुसार यी कर्मचारीहरूको राजीनामा सरकारले स्वीकृत गरिसकेको छ ।

# सडकको पर्खाइमै कर्णालीका आठ पालिका, कतै खच्चडको भर कतै पाँच दिनको पैदल यात्रा





चाँदनी कठायत
सुर्खेत, १० कात्तिक

मुगुको मुगुम कार्मारोङ गाउँपालिकाका बासिन्दाका लागि खाद्यान्न र दैनिक उपभोग्य सामग्री गाउँसम्म पुऱ्याउन सजिलो छैन । सडक नपुगेका कारण सामान ढुवानी गर्न मानिस र खच्चडको सहारा लिनुपर्छ । अन्यत्र सवारीसाधनमा ढुवानी हुने सामग्री यहाँ मानिसले बोकेर वा खच्चडमा लादेर पुऱ्याउनुपर्ने बाध्यता छ । सडक अभावले गाउँसम्म सामग्री पुऱ्याउने काम मात्रै कठिन बनाएको छैन, स्थानीय बासिन्दाको दैनिक जीवनसमेत प्रभावित भएको छ । गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख बलीराज बुढाका अनुसार खाद्यान्नलगायत आवश्यक सामग्री ढुवानी गर्न मानिस र खच्चडको भर पर्नुपर्ने अवस्था छ । 'सडक नहुँदा स्वास्थ्य सेवा लिनका लागि पनि नागरिकलाई पैदल हिँड्नुपर्छ,' उनले भने, 'सडक नहुँदा दुर्गमका नागरिकलाई धेरै काम गर्न असहज हुन्छ ।'

डोल्पामा पनि विशेष गरी माथिल्लो डोल्पामा सडक अभावको अर्को समस्या छ । डोल्पोबुद्ध गाउँपालिकाका बासिन्दालाई सदरमुकाम दुनै पुग्न तीनदेखि पाँच दिनसम्म पैदल यात्रा गर्नुपर्छ । गाउँपालिका केन्द्र धोबाट सदरमुकाम पुग्नै यति लामो समय लाग्दा सरकारी कामकाज, उपचार तथा अन्य आवश्यकताका लागि यात्रा गर्नुपर्ने नागरिकले कठिनाइ भोगिरहेका छन् ।

गाउँपालिकाकी उपाध्यक्ष पेम्मा धोर्चे गुरुङका अनुसार धोबाट दुनै पुग्न तीनदेखि पाँच दिन पैदल हिँड्नुपर्छ । गाउँपालिका केन्द्रलाई सडक सञ्जालसँग जोड्न नसक्दा सदरमुकामसम्मको यात्रा अझै पैदलमै निर्भर छ । प्रदेशका ७९ स्थानीय तहमध्ये ७१ वटाका केन्द्र मात्रै राष्ट्रिय सडक सञ्जालसँग जोडिएका छन् । बाँकी आठ स्थानीय तहका केन्द्रसम्म अझै मोटर गुड्ने सडक पुगेको छैन । तीमध्ये डोल्पाका चार, कालीकोटका तीन र मुगुको एक स्थानीय तह छन् । संघीयता कार्यान्वयनसँगै प्रदेश र स्थानीय सरकार गठन भएको झन्डै नौ वर्ष पुग्न लाग्दा पनि यी पालिकाका बासिन्दाले सडक पहुँच पाएका छैनन् ।

प्रदेश सरकारको दोस्रो कार्यकालसमेत अन्तिम चरणतर्फ अघि बढिरहँदा सडकबाट वञ्चित पालिकाको संख्या आठ छ । सडक नपुगेका कारण ती क्षेत्रका नागरिकले प्रशासनिक सेवा लिन, स्वास्थ्य उपचारका लागि बाहिर जान र दैनिक आवश्यकताका सामग्री ढुवानी गर्न

बाँकी पृष्ठ ३

### सडक खन्ने प्रयास, पुल र कठिन भूगोलले रोकियो पहुँच

माथिल्लो डोल्पालाई सडक सञ्जालसँग जोड्न भेरी करिडोरअन्तर्गत सडक निर्माण भइरहेको छ । तर सदरमुकाम दुनैबाट माथिल्लो क्षेत्रतर्फ सडक विस्तारको काम पूरा भएको छैन । दुनै-लासिक्याप सडकखण्ड निर्माणाधीन अवस्थामा छ । कडा चट्टान र कठिन भूगोलका कारण सडक निर्माणमा समस्या भइरहेको छ । काइके गाउँपालिकाका अध्यक्ष अंगद बुढाका अनुसार सडक निर्माणका क्रममा कडा चट्टान फुटाउन विस्फोट गराउनुपर्ने अवस्था छ । भौगोलिक कठिनाइका कारण निर्माणले अपेक्षित गति लिन नसक्दा माथिल्लो डोल्पाका बासिन्दाको सडक पहुँचको प्रतीक्षा लम्बिएको छ । माथिल्लो डोल्पामा सडक विस्तारका लागि सरकारले नेपाली सेनालाई समेत निर्माणको जिम्मेवारी दिएको छ । २०८२ चैतमा लासिक्यापदेखि सिसोलसम्मको करिब ३५ किलोमिटर सडक निर्माणको जिम्मा सेनालाई दिने निर्णय गरिएको थियो । त्यसपछि सेनाले डोल्पोबुद्ध गाउँपालिकाको धो क्षेत्रमा अस्थायी बेसक्याम्प स्थापना गरी सिसोलतर्फबाट काम अघि बढाएको छ तर सेनाले जिम्मा लिएको खण्डमा निर्माण सुरु हुँदैमा माथिल्लो डोल्पा सडक सञ्जालसँग जोडिने अवस्था छैन । दुनैदेखि लासिक्यापसम्मको सडक पनि पूरा हुनुपर्ने भएकाले दुवै खण्डको निर्माण प्रगति महत्वपूर्ण छ । भेरी करिडोरका योजना प्रमुख नरेश केशरीले माथिल्लो डोल्पासम्म सडक पुऱ्याउन यी सडकखण्डको निर्माण सम्पन्न हुन आवश्यक रहेको बताए । डोल्पामा सडक निर्माणका लागि सेनासमेत परिचालन भइरहँदा मुगुको उत्तरी क्षेत्रमा पनि सडक विस्तारको काम भइरहेको छ । गमगढीबाट नाक्चेनाग्ला जोड्ने सडक निर्माण सम्पन्न भएपछि मुगुम कार्मारोङ गाउँपालिकालाई सडक सञ्जालसँग जोड्न सहयोग पुग्नेछ । तर निर्माण पूरा नभएकाले त्यहाँका नागरिकको ढुवानी समस्या यथावत् छ । कालीकोटमा भने सडकको ट्र्याक निर्माण र राष्ट्रिय सडक सञ्जालसँगको सम्पर्कबीच अर्को समस्या देखिएको छ । स्थानीय तहले विभिन्न क्षेत्रमा सडक खने पनि नदीमा मोटरेबल पुल नहुँदा ती सडकमा बाहिरबाट सवारी साधन पुग्न सकेका छैनन् । पचालझरना गाउँपालिकाको केन्द्र पडेक्षा र वडा नम्बर २, ३ तथा ५ मा सडक पहुँच विस्तार हुन बाँकी छ । गाउँपालिकाकी उपाध्यक्ष अल्किना

बाँकी पृष्ठ २

## कात्तिक १२ देखि १४ सम्म पदयात्रा नगर्न अध्यागमनको आग्रह

काँक्रेविहार संवाददाता
काठमाडौं, १० कात्तिक

उच्च पहाडी तथा हिमाली क्षेत्रहरूमा भारी हिमपात, हिमआँधी र हिमपहिरोको उच्च जोखिम रहेकाले सरकारले यही कात्तिक १२, १३ र १४ गते पदयात्रा नगर्न र नगराउन आग्रह गरेको छ ।

गृह मन्त्रालयअन्तर्गतको अध्यागमन विभागले मंगलबार अत्यन्त जरुरी सूचना जारी गर्दै उक्त अवधिभर पदयात्रा रोक्न अनुरोध गरेको जनाएको हो ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको चेतावनीलाई उद्धृत गर्दै विभागले सम्भावित




जोखिम न्यूनीकरणका लागि पदयात्रीहरूलाई सचेत गराएको जनाएको छ ।

विभागका निर्देशक सूर्यप्रसाद चापागाईंले जारी गरेको सूचनाअनुसार, कात्तिक १२ देखि १४ गतेसम्म पर्यटकहरूलाई उच्च पहाडी र हिमाली क्षेत्रमा नजान आग्रह गरिएको छ । साथै, पदयात्रामा निस्किसकेका पर्यटकहरूलाई सो अवधिभर सुरक्षित ठाउँमै रहन भनिएको छ । यसैगरी, प्रतिकूल मौसमलाई मध्यनजर गर्दै अध्यागमन विभागले उच्च पहाडी तथा हिमाली भेगका निषेधित क्षेत्रहरूमा जान दिइने पदयात्रा अनुमति पनि मंगलबारबाटै ती दिनहरूका लागि जारी नगर्ने निर्णय गरेको छ ।

विभागको सूचनामा ट्रेकिङ एजेन्सी, पदयात्री, गाइड (पथप्रदर्शक) लगायत सम्पूर्ण सरोकारवालाहरूलाई मौसमको जोखिमलाई ध्यानमा राखी सूचनाको पूर्ण पालना गर्न र सुरक्षित रहन अपिल गरिएको छ ।

## आधुनिक यन्त्रले सहज बन्दै ग्रामीण कृषि

काँक्रेविहार संवाददाता
बाँके, १० कात्तिक

गाउँगाउँमा परम्परागत खेती प्रणालीलाई आधुनिक प्रविधिले विस्थापित गरेसँगै ग्रामीण कृषि कर्म सहज बन्दै गएको छ । विशेषगरी धान तथा गहुँ थन्क्याउने बेलामा जनशक्तिको अभाव झेल्दै आएका किसानहरूका लागि धान र गहुँ झार्ने थ्रेसर मेसिन, काट्ने रिपरजस्ता प्रविधिको विकासले एकातिर किसानको समय र श्रम बचत गरेको छ भने अर्कोतिर ग्रामीण क्षेत्रका युवाहरूका लागि स्वरोजगार र आम्दानीको गतिलो माध्यमसमेत बनेको छ । नेपालगञ्जउपमहानगरपालिका-१९ का किसान मोहम्मद इस्लाम खाँका आँखा अगाडि अझै पनि दश वर्षअघिको दृश्य घुमिरहन्छ । उतिबेला पाकेको धानका बिटा बाँधेर खलामा लैजानुपर्थ्यो वा खेतका गरामै खलो बनाएर जनशक्ति खेताला लगाई धान झार्नुपर्थ्यो । त्यो बेला कसैले "एकैछिनमा धान झार्ने मेसिन आउँछ" भन्दा उनी पत्याउनु हुन्नथ्यो । आज समय बदलिएको छ । हिजो मेसिनको अस्तित्वमाथि शङ्का गर्ने उनै इस्लाम खाँ अहिले धान बाली थन्क्याउन थ्रेसर मेसिनको नियमित प्रयोगकर्ता हुन् । "अहिले यो मेसिनका कारण पाकेको धान झार्न असाध्यै सजिलो र छिटो भएको छ", खाँले आफ्नो अनुभव सुनाउँदै भने, "गाउँका सबैजसो किसानले धान बाली स्याहर्न थ्रेसर नै प्रयोग गर्छन् ।

## कर्णालीको विजयी सुरुवात

काँक्रेविहार संवाददाता
काठमाडौं, १० कात्तिक

युनिस ठकुरी र हुसैन तलातको घातक बलिङमा कर्णाली याक्सले नेपाल प्रिमियर लिग (एनपिएल) मा विजयी सुरुआत गरेको छ । मंगलबारको दोस्रो खेलमा कर्णालीले जनकपुरलाई १९ रनले हराउँदै एनपिएलमा सुखद सुरुआत गरेको हो ।

कर्णालीले दिएको १ सय ३३ रनको लक्ष्य पछ्याएको जनकपुर ३ बल अगावै १ सय १३ रनमा अलआउट भयो । जनकपुरलाई कम स्कोरमा रोक्न कर्णालीका युनिस र तलातले समान ३ विकेट लिए । युनिसले आफ्नो स्पेलमा १ मेडन राख्दै २२ रन खर्चे । तलातले ४ ओभरमा २६ रन खर्चेर ३ विकेट लिए । सोमपाल कामीले २ ओभरमा ५ रन दिएर एक विकेट लिए । नन्दन यादवले २ विकेट




आफ्नो नाममा गरे । जनकपुरका लागि कप्तान हरमित सिंह र मोइन अलीले समान १९ रन बनाए। हरमितले १३ बलमा २ चौका हाने। जेम्स निसमले १५, अनिल साह ले ११ रन थपे। अविशेक तिवारी २० रन बनाउँदा क्याच आउट हुन पुगे । त्यसअघि कीर्तिपुर स्थित त्रिवि क्रिकेट मैदानमा जनकपुर बोल्ट्सले टस जितेर फिल्डिङ रोजेपछि ब्याटिङ गरेको कर्णालीले निर्धारित २० ओभरमा ९ विकेटको क्षतिमा १ सय ३२ रनको योगफल तयार पारेको थियो । आक्रामक सुरुआत गरेको कर्णालीले पावर प्ले मा नै ३ विकेट गुमाएको थियो । त्यसपछि केही दबाबमा परेको कर्णालीका लागि अरिफुल इस्लाम र पवन सर्राफले इनिङ्स सम्हालेका थिए । अरिफुल इस्लामले बनाएको ४३ रन नै सर्वाधिक रह्यो। उनले २९ बलमा ४ चौका प्रहार । ३७ बलमा ३ छक्का सहयोगमा ३७ रन नै बनाएका पवन सर्राफ ललित राजवंशीको बलमा निसमको हातबाट क्याच आउट भए । दिपक डुम्रेले १३ र गुल्सन झा ले १२ रन थपे । ५ बलमा १ रन बनाएका कप्तान सोमपाल

बाँकी पृष्ठ ४

## सम्पादकीय

# रानीघाट पुल : विकासका नाममा १४ वर्षको उपेक्षा

सुर्खेतको रानीघाटस्थित भेरी नदीमा पक्की पुल निर्माण सुरू भएको १४ वर्ष बितिसक्दा पनि केही अधुरा संरचनाबाहेक उपलब्धि देखिएको छैन । नागरिकलाई सहज यातायात सुविधा उपलब्ध गराउने उद्देश्यले थालिएको आयोजना वर्षौंसम्म अलपत्र पर्नु राज्यको विकास व्यवस्थापनमाथिको गम्भीर प्रश्न हो । पुलका नाममा करोडौं रूपैयाँ खर्च भइसकेको छ, तर नागरिकले त्यसको लाभ पाउन सकेका छैनन् । रानीघाट पुलको अवस्था एउटा अधुरो आयोजनाको विषय मात्रै होइन, सार्वजनिक लगानीको सदुपयोग र सरकारी जवाफदेहितासँग जोडिएको सवाल हो ।

२०६९ सालमा १४ करोड २९ लाख रूपैयाँभन्दा बढी लागतमा ठेक्का सम्झौता भएको पुल २०७२ सालमै सम्पन्न हुनुपर्ने थियो । पटकपटक म्याद थप्दा पनि निर्माण अघि नबढेपछि सम्झौताको दश वर्षपछि ठेक्का तोडियो । निर्माण कम्पनीले चार करोड ३८ लाख रूपैयाँभन्दा बढी भुक्तानी लिइसकेको छ । तर नदीका दुई किनार जोड्ने संरचना बन्न सकेको छैन । अहिले पुराना संरचना प्रयोग गर्न मिल्ने वा नमिल्ने भन्ने विषयसमेत टुंगिएको छैन । यति लामो समयसम्म आयोजना अनिर्णयको बन्दी बन्नु स्वीकार्य हुन सक्दैन । पुल नबन्दाको प्रत्यक्ष मार बराहतालका नागरिकले खेपिरहेका छन् । वर्षायाममा प्रदेश राजधानी वीरेन्द्रनगर पुग्न कठिन हुन्छ । स्थानीय किसानले उत्पादन गरेको आलुलगायत कृषि उपज बजारसम्म पुऱ्याउन समस्या छ । ढुवानी खर्च बढ्दा किसानले उचित मूल्य पाउन सकेका छैनन् । रानीघाट-तेलपानी सडकसमेत अधुरो हुँदा यातायातको समस्या थपिएको छ । पुल र सडक निर्माण सम्पन्न भए सुर्खेतबाट बर्दिया जोड्ने छोटो मार्ग सञ्चालनमा आउने सम्भावना छ । तर वर्षौंको ढिलाइले नागरिकको समय, श्रम र आर्थिक अवसर गुमिरहेको छ ।

अहिले सडक डिभिजन कार्यालयले पुराना संरचनाको प्राविधिक परीक्षणपछि नयाँ ठेक्का प्रक्रिया अघि बढाउने तयारी गरेको छ । तर तयारीको कुरा मात्रै पर्याप्त छैन । सरकारले तत्काल प्राविधिक परीक्षण सम्पन्न गरी निर्माणको स्पष्ट कार्यतालिका सार्वजनिक गर्नुपर्छ । विचाराधीन मुद्दा र स्रोत सुनिश्चितताका समस्या समाधानका लागि सम्बन्धित निकायले समन्वय गर्नुपर्छ । विगतको असफलताबाट पाठ सिकेर नयाँ ठेक्कामा प्रभावकारी अनुगमन र जवाफदेहिता सुनिश्चित गरिनुपर्छ । रानीघाटका नागरिकलाई अब आश्वासन होइन, निर्माणको ठोस परिणाम चाहिएको छ । चुनावपिच्छे दोहोरिने प्रतिवद्धताले नदीमा पुल बन्दैन । सार्वजनिक रकम खर्च गरेर अधुरा संरचना ठड्याउने प्रवृत्तिको अन्त्य हुनुपर्छ । रानीघाट पुल सम्पन्न गर्नु सरकारको विकास योजना मात्रै होइन, वर्षौंदेखि सुविधाबाट वञ्चित नागरिकप्रतिको दायित्व पनि हो ।

## सडक...

बम भन्छिन्, 'कर्णाली नदीमा मोटरेबल पुल नहुँदा पालिका केन्द्र र ती वडालाई राष्ट्रिय सडक सञ्जालसँग जोड्न सकिएको छैन, हामीले मात्रै चाहेर हुँदैन भुगोल पनि त्यस्तै कठिन छ।' पलाँता गाउँपालिकामा पनि स्थानीय स्तरमा सडक निर्माण गरिएका छन् । तर कर्णाली नदीमा पुल नहुँदा सडकको राष्ट्रिय सञ्जालसँग सम्पर्क स्थापित हुन सकेको छैन। सडक निर्माणमा लगानी भए पनि आवश्यक पुल नबन्दा त्यसको लाभ नागरिकसम्म पुग्न नसकेको अवस्था छ। पूर्वाधार विकास कार्यालय कालीकोटका प्रमुख इन्जिनियर प्रभाकरप्रसाद सिंहका अनुसार सडक पहुँच नपुगेका गाउँपालिकाका केन्द्रसम्म यातायात सुविधा विस्तार गर्न समस्या भइरहेको छ। सडकसँगै मोटरेबल पुल निर्माण हुन नसक्दा पालिकाका केन्द्र राष्ट्रिय सडक सञ्जालबाहिर रहेका हुन्। कालीकोटको महावै गाउँपालिका पनि सडक पहुँचबाट वञ्चित स्थानीय तहको सूचीमा छ। प्रदेश सरकारले सडक पूर्वाधार विस्तारका लागि विभिन्न आयोजना सञ्चालन गर्दै आएको छ। डोल्पामा भेरी करिडोरअन्तर्गत निर्माण, मुगुमा गमगढी-नाक्चेनाग्ला सडक विस्तार र कालीकोटमा सडक तथा पुल निर्माणका काम अघि बढाइएका छन्। संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहबाट सञ्चालित यी आयोजनाको निर्माण पूरा भएपछि मात्रै बाँकी पालिकाका केन्द्रसम्म सडक पहुँच विस्तार हुनेछ। भौतिक पूर्वाधार तथा सहरी विकासमन्त्री मिलन खड्का रोकाले सडक सञ्जाल विस्तारका लागि स्थानीय तहसँग सहकार्य भइरहेको बताइन्। 'दुर्गम क्षेत्रलाई प्राथमिकतामा राखेर हामी काम अगाडी बढाउँछौं,' उनले भनिन्, 'स्थानीय तहसँगको सहकार्यमा सडक निर्माण तथा विस्तारका आयोजना अघि बढेका छन्, कठिन भूगोल, निर्माणमा देखिएका समस्या र मोटरेबल पुलको अभावले कतिपय पालिकालाई सडक सञ्जालसँग जोड्न चुनौती थपिएको छ तर काम हुन्छ।' भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयका अनुसार कर्णालीभर ७ हजार ४ सय १ किलोमिटर कच्ची सडक छ।

# संघीयतामा जनसाङ्ख्यिकीय विरोधाभास : अधिकार गाउँमा, जनसङ्ख्या सहरमा



✍ ऋतुराज भण्डारी

संघीयता लागू भएपछि नेपालको शासन प्रणालीमा एउटा ठूलो प्रश्न उठेको थियो- के अब अवसर काठमाडौँको सिंहदरबारबाट जनताको घरदैलो र गाउँबस्तीसम्म पुग्यो त ? संविधानमा अधिकार बाँडफाँट भयो, प्रदेशहरू बने, ७५३ स्थानीय तहले आफ्नै सरकार पाए र 'गाउँ-गाउँमा सिंहदरबार' भन्ने राजनीतिक नारालाई व्यवहारमा उतार्ने प्रयास भयो । प्रशासनिक अधिकारको विकेन्द्रीकरण भयो, स्थानीय तहमा बजेट र योजना निर्माणको अधिकार पुग्यो तथा प्रदेश राजधानीहरू नयाँ प्रशासनिक केन्द्र बने । तर अर्को प्रश्न अझै अनुत्तरित छ- बसाइसराइको बेग किन गाउँबाट सहर र संघीय तथा प्रादेशिक राजधानीहरूतर्फ निरन्तर बढिरहेको छ ?

अवसरको भौगोलिक वितरण बुझ्ने एउटा महत्त्वपूर्ण माध्यम मानिसको बसाइसराइ हो । मानिस त्यहीँ जान्छ, जहाँ उसले रोजगारी, शिक्षा, स्वास्थ्य, सुरक्षा, आम्दानी र भविष्यको सम्भावना देख्छ । त्यसैले आन्तरिक बसाइसराइ केवल जनसंख्याको स्थानान्तरण मात्र होइन; यो राज्यको विकास, अवसर र सार्वजनिक सेवाको भौगोलिक वितरणको प्रत्यक्ष सूचक पनि हो ।

नेपालमा पछिल्ला वर्षहरूका बसाइसराइका तथ्याङ्क हेर्दा एउटा विरोधाभास देखिन्छ । संघीयताले प्रशासनिक संरचनालाई विकेन्द्रित गरेको छ, तर जनसंख्या र आर्थिक गतिविधि अझै पनि केही निश्चित सहर र प्रदेशमै केन्द्रित भइरहेका छन् ।

यसै पृष्ठभूमिमा, संघीय शासन व्यवस्थामा आन्तरिक बसाइसराइले अवसरहरूको न्यायोचित र समान वितरण गरिरहेको छ वा यसले जनसंख्याको प्रादेशिक असन्तुलन बढाएर संघीयताको व्यावहारिक कार्यान्वयनमा थप जटिलता र चुनौती थपिरहेको छ भन्ने गम्भीर बहस सतहमा ल्याइदिएको छ । तसर्थ, यस लेखमा उक्त मुद्दालाई 'अवसरहरूको समानीकरण र जनसंख्याको प्रादेशिक असन्तुलन' भन्ने दुई भिन्न दृष्टिकोणबाट तथ्यगत एवं विश्लेषणात्मक रूपमा मन्थन गर्ने प्रयास गरिएको छ ।

**सेवा, स्रोत र अवसरको विकेन्द्रीकरण**

संघीय संरचनाको एउटा महत्त्वपूर्ण उपलब्धि सार्वजनिक सेवाको स्थानीयकरण हो । जन्मदर्ता, व्यवसाय दर्ता, विभिन्न सिफारिस तथा अन्य प्रशासनिक कामका लागि विगतमा जिल्ला सदरमुकाम वा काठमाडौँ पुग्नुपर्ने बाध्यता धेरै हदसम्म घटेको छ । स्थानीय तहमा कृषि, पशु स्वास्थ्य, आधारभूत स्वास्थ्य तथा अन्य सेवाका संरचना विस्तार भएका छन् । अधिकांश स्थानीय तहमा आधारभूत तथा नगर अस्पताल सञ्चालनमा आएपछि स्वास्थ्य सेवाको पहुँच पनि विस्तार भएको छ ।

संघीय वित्तीय व्यवस्थाले राजस्व बाँडफाँट तथा वित्तीय हस्तान्तरणमार्फत स्थानीय र प्रदेश तहमा स्रोत प्रवाह गर्ने कानुनी आधार निर्माण गरेको छ । स्थानीय तहले आफ्ना आवश्यकता र प्राथमिकताका आधारमा बजेट तथा योजना निर्माण गर्न पाउने भएकाले स्थानीय विकासको निर्णय प्रक्रियामा नागरिकको सहभागिता पनि बढेको छ ।

यही प्रक्रियाले नयाँ आर्थिक केन्द्रहरू निर्माण गर्न थालेको छ । २०७३ सालमा स्थानीय तहको पुनर्संरचनापछि ७५३ स्थानीय तहका प्रशासनिक केन्द्र निर्धारण गरिए । त्यसपछि ती केन्द्रलाई जोड्ने सडक, विद्युत्, खानेपानी तथा अन्य पूर्वाधार विकाससँगै होटेल, लज, खाद्यान्न, निर्माण सामग्री, कृषि सामग्री तथा साना उद्योगसम्बन्धी व्यापारिक गतिविधि बढेका छन् । परिणामस्वरूप धेरै स्थानीय प्रशासनिक केन्द्र साना सहर तथा नयाँ बजार केन्द्रका रूपमा विकसित हुँदै गएका छन् । प्रदेश राजधानीहरू पनि प्रशासनिक मात्र नभई आर्थिक तथा सामाजिक गतिविधिका नयाँ केन्द्र बनेका छन् । विश्वविद्यालय, प्राविधिक शिक्षालय, अस्पताल तथा अन्य संस्थाको विस्तारले उच्च शिक्षा र स्वास्थ्य सेवाका लागि काठमाडौँमै निर्भर हुनुपर्ने अवस्था केही हदसम्म घटाएको छ । यसले प्रदेशभित्रै रोजगारी, शिक्षा र स्वास्थ्यका अवसर विस्तार गर्नुका साथै आन्तरिक बसाइसराइका नयाँ गन्तव्यहरू पनि निर्माण गरेको छ ।

सुर्खेत यसको एउटा उदाहरण हो । कर्णाली प्रदेशको राजधानी बनेपछि सुर्खेतमा सरकारी तथा गैरसरकारी संस्थाका कार्यालय, होटेल, व्यापारिक प्रतिष्ठान, शैक्षिक तथा स्वास्थ्य पूर्वाधार र यातायात संरचनाको विस्तार भएको छ । फलस्वरूप विगतमा मध्यपश्चिम तथा सुदूरपश्चिमका पहाडी र हिमाली जिल्लाबाट नेपालगञ्जतर्फ हुने बसाइसराइको केही हिस्सा सुर्खेततर्फ मोडिएको देखिन्छ । पोखरा, बुटवल, तुलसीपुर र धनगढीजस्ता सहरहरूमा पनि यस्तै प्रवृत्ति देखिन्छ ।

प्रदेश राजधानी र ठूला सहरहरू भएका जिल्लाहरूमा पनि यस्तै जनसाि्यकीय दृश्य देख्न सकिन्छ । राष्ट्रिय जनगणना २०६८ र २०७८ का तथ्याङ्क तुलना गर्दा कास्कीको खुद बसाइसराइ दर १५.५ प्रतिशतबाट बढेर २७.१ प्रतिशत, रूपन्देहीको १७.५ बाट २३.५ प्रतिशत, दाङको ४.२ बाट १०.३ प्रतिशत, सुर्खेतको ३.१ बाट ८ प्रतिशत र कैलालीको १८.६ बाट २२.१ प्रतिशत पुगेको छ । बसाइसराइको तथ्याङ्कमा आएका यी परिवर्तनले आन्तरिक बसाइसराइका गन्तव्यमा आएको संरचनात्मक परिवर्तनलाई देखाउँछन् ।

यस अर्थमा संघीयताले एउटा महत्त्वपूर्ण काम गरेको छ- काठमाडौँबाहिर पनि नयाँ अवसरका केन्द्र निर्माण गर्ने प्रक्रिया अघि बढाएको छ । तर मानिसहरू अझै कहाँ केन्द्रित भइरहेका छन् भन्ने थप प्रश्नलाई पनि सँगसँगै अगाडि ल्याइदिएको छ ।

**अन्तरप्रदेश बसाइसराइको बदलिँदो परिदृश्य**

राष्ट्रिय तथ्याङ्क कार्यालयको आन्तरिक बसाइसराइ प्रतिवेदन २०२५ अनुसार आफ्नो जन्मस्थान वा मूलथलो छाडेर अन्यत्र बसोबास गर्ने जनसंख्या कुल जनसंख्याको २९.२ प्रतिशत छ । भौगोलिक क्षेत्रअनुसार यो दर पहाडमा ३२ प्रतिशत, तराईमा २८.९ प्रतिशत र हिमालमा १३.८ प्रतिशत छ । प्रदेशगत रूपमा बागमतीमा आन्तरिक बसाइसराइको दर ४३.६ प्रतिशत छ भने गण्डकीमा ३२.९ प्रतिशत र कोशीमा ३१ प्रतिशत छ । कर्णालीमा भने यो दर १४.६ प्रतिशत मात्र छ । यसले प्रदेशहरूबिच बसाइसराइको तीव्रतामा उल्लेखनीय अन्तर रहेको देखाउँछ । यसले एउटा स्पष्ट प्रश्न उठाउँछ- यदि अवसरहरू समान रूपमा फैलिरहेका छन् भने मानिसहरूको गन्तव्य किन त्यसअनुरूप विकेन्द्रित भइरहेको छैन ? राष्ट्रिय जनगणना २०७८ अनुसार २१ लाख ४२ हजार ३६३ जना एक प्रदेशबाट अर्को प्रदेशमा बसाइँ सरेका थिए । यसमा महिलाको संख्या ११ लाख ५४ हजार ९०९ अर्थात् ५३.९ प्रतिशत र पुरुषको संख्या ९ लाख ८७ हजार ४५४ अर्थात् ४६.१ प्रतिशत थियो । यसले विवाहलगायत सामाजिक तथा आर्थिक कारणको प्रभाव पनि अन्तरप्रदेश बसाइसराइमा महत्त्वपूर्ण रहेको देखाउँछ ।

प्रदेशगत रूपमा बागमती र लुम्बिनीमा मात्र खुद बसाइसराइ धनात्मक देखिन्छ भने बाँकी प्रदेशले जनसंख्या गुमाएका छन् । काठमाडौँ उपत्यकाका काठमाडौँ, ललितपुर र भक्तपुर जिल्लाको खुद बसाइसराइ दर २०६८ को तुलनामा २०७८ मा उल्लेख्य रूपमा बढेको छ । खुद बसाइसराइ दर काठमाडौँको ४३.१ बाट बढेर ५१ प्रतिशत, ललितपुरको २५.७ बाट ३९ प्रतिशत र भक्तपुरको २०.३ बाट ४१ प्रतिशत पुगेको छ । चितवनको दर पनि २२.७ बाट बढेर २८.३ प्रतिशत पुगेको छ । यसको अर्थ काठमाडौँको आकर्षण समाप्त भएको छैन; बरु काठमाडौँ उपत्यका र त्यससँग जोडिएका विस्तारित नयाँ सहरी क्षेत्रहरूमा जनसंख्याको चाप अझ बढिरहेको छ । राष्ट्रिय जनगणना २०७८ को पछिल्लो बसाइसराइको तथ्याङ्क हेर्दा काठमाडौँ उपत्यकामा देशका विभिन्न भागबाट ३ लाख ६३ हजार ५०४ जना मानिस भित्रिएको देखिन्छ । त्यसमध्ये ४०.६ प्रतिशत बागमती प्रदेशकै काठमाडौँ उपत्यकाबाहिरका जिल्लाबाट र २१.१ प्रतिशत कोशी प्रदेशबाट आएका छन् । लुम्बिनी प्रदेश पनि अर्को महत्त्वपूर्ण गन्तव्यका रूपमा उदाएको देखिन्छ । बुटवल, भैरहवा, घोराही, तुलसीपुर, कोहलपुर र नेपालगञ्जजस्ता सहरहरूको आर्थिक तथा सामाजिक आकर्षणले यस प्रदेशमा जनसंख्या थपिएको देखिन्छ । रूपन्देही, दाङ र बाँके जिल्लाको बढ्दो खुद बसाइसराइ दरले पनि सहरी केन्द्रतर्फको आकर्षणलाई सङ्केत गर्छ ।

लुम्बिनी प्रदेशमा भित्रिएका ८८ हजार १४६ जनामध्ये ४०.२ प्रतिशत कर्णाली र ३२.२ प्रतिशत गण्डकी प्रदेशबाट आएका छन् । यसले बसाइसराइ सधैँ टाढाका प्रदेशबाट नहुने, भौगोलिक निकटता र सडक तथा आर्थिक सम्बन्धले पनि आन्तरिक बसाइसराइको गन्तव्य निर्धारण गरेको देखाउँछ ।

यसैगरी, कोशी प्रदेशका झापा, मोरङ र सुनसरीमा खुद बसाइसराइ दर बढे पनि समग्र कोशी प्रदेशको खुद बसाइसराइ ३ लाख १८ हजार ७९६ ले ऋणात्मक छ । मधेशको १ लाख ६६ हजार ५४२, कर्णालीको २ लाख १६ हजार ४१६ र सुदूरपश्चिमको २३ हजार ५०४ ले खुद जनसंख्या घटेको देखिन्छ ।

यी तथ्याङ्कले अन्तरप्रदेश बसाइसराइ एकतर्फी मात्र नभई पारस्परिक पनि रहेको देखाउँछन् । ठूला सहरतर्फ आकर्षण बढे पनि काठमाडौँ उपत्यकाबाट अन्य प्रदेशतर्फ हुने बसाइसराइ पनि उल्लेख्य देखिन्छ । सडक तथा अन्य पूर्वाधार विस्तारसँगै पहाडबाट तराईतर्फको परम्परागत बसाइसराइको केही हिस्सा नजिकका जिल्ला सदरमुकाम तथा अर्धसहरी केन्द्रतर्फ मोडिएको देखिन्छ । साथै, तराईबाट काठमाडौँ, पोखरा र अन्य ठूला सहरतर्फको प्रवाह पनि निरन्तर छ । यसले नेपालको आन्तरिक बसाइसराइ बहुआयामिक र गतिशील बन्दै गएको स्पष्ट हुन्छ ।

**प्रादेशिक असन्तुलन र चुनौती**

आन्तरिक बसाइसराइले एकातिर अवसर र सेवाको पहुँच विस्तार गरेको छ भने अर्कातिर केही प्रदेश तथा सहरमा जनसंख्याको अत्यधिक केन्द्रीकरणले समस्या सिर्जना गरेको छ । काठमाडौँ उपत्यका, तराईका सुगम भूभाग तथा ठूला सहरमा जनसंख्या बढ्दै जाँदा हिमाली तथा पहाडी जिल्लाका कतिपय क्षेत्रमा जनसंख्या घट्दो क्रममा छ ।

रोजगारी तथा अध्ययनका लागि युवा जनसंख्या बाहिरिँदा दुर्गम क्षेत्रमा दक्ष र अदक्ष श्रमशक्तिको अभाव बढ्दै गएको छ । विद्यालयका शिक्षक, कृषि तथा पशु प्राविधिक, इलेक्ट्रिसियन लगायत प्राविधिक जनशक्तिको अभावले स्थानीय अर्थतन्त्र र सेवा प्रवाह प्रभावित हुन थालेको छ । ग्रामीण क्षेत्रमा युवा जनसंख्या घट्दा ज्येष्ठ नागरिक र बालबालिकाको अनुपात बढ्ने, कृषि श्रमिकको अभाव हुने र खेतीयोग्य जमिन बाँझो रहने समस्या पनि गम्भीर बन्दै गएको छ ।

इटहरी, काठमाडौँ, पोखरा, भरतपुर, बुटवल, तुलसीपुर, सुर्खेत, धनगढी तथा तराईका अन्य ठूला सहरमा तीव्र जनसंख्या वृद्धिले खानेपानी, ढल, आवास, यातायात, शिक्षा र स्वास्थ्यजस्ता आधारभूत पूर्वाधारमा थप दबाब सिर्जना गरेको छ । अर्कोतर्फ, दुर्गम क्षेत्रमा राज्यले ठूलो लगानीमा निर्माण गरेका विद्यालय, स्वास्थ्यचौकी र सडकजस्ता पूर्वाधार जनसंख्या घट्दै जाँदा पूर्ण क्षमतामा उपयोग हुन नसक्ने जोखिम बढेको छ ।

अर्थात् समस्या गाउँ र सहरमा एकैपटक आइपरेको छ- सहरमा जनसंख्या आवश्यकताभन्दा बढी केन्द्रित भइरहेको छ भने गाउँमा विकासका लागि आवश्यक जनशक्ति नै घटिरहेको छ । यही विरोधाभास नेपालको संघीय विकासको एउटा महत्त्वपूर्ण चुनौती हो ।

**अबको नीति**

आन्तरिक बसाइसराइ आफैँमा समस्या होइन । मानिसलाई रोजगारी, शिक्षा, स्वास्थ्य र राम्रो जीवनका लागि आफ्नो बसोबास परिवर्तन गर्ने नैसर्गिक अधिकार छ । त्यसैले राज्यको उद्देश्य मानिसलाई आफ्नो गाउँमै जबर्जस्ती रोक्ने हुनु हुँदैन । तर यहाँ अहम् प्रश्न के छ भने, मानिस अवसरका कारण बसाइँ सरिरहेको छ कि अवसरको अभावमा आफ्नो ठाउँ छोड्न बाध्य भइरहेको छ ?

दोस्रो अवस्था हो भने यहाँ नीतिगत हस्तक्षेप अपरिहार्य हुन्छ ।

राज्यले दुर्गम हिमाली तथा पहाडी क्षेत्रमा स्थानीय रोजगारी सिर्जना, गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवा, सडक तथा डिजिटल पूर्वाधार, कृषि तथा पशुपालनको आधुनिकीकरण, पर्यटन र जडीबुटीमा आधारित उद्यम विकासलाई प्राथमिकता दिनुपर्छ । युवालाई स्थानीय अर्थतन्त्रसँग जोड्ने उद्यमशीलता र सीप विकासका कार्यक्रम पनि त्यत्तिकै आवश्यक छन् । त्यसैगरी, मध्यपहाडी लोकमार्ग आसपासका बजार केन्द्र तथा नयाँ सहरलाई क्षेत्रीय आर्थिक केन्द्रका रूपमा विकास गर्नुपर्छ । सबै अवसर काठमाडौँमा केन्द्रित गर्ने वा प्रत्येक प्रदेश राजधानीलाई मात्र 'अर्को काठमाडौँ' बनाउने सोचबाट बाहिर निस्कनुपर्छ । ठूला सहरमा भने व्यवस्थित भू-उपयोग नीति, सस्तो र सुलभ आवास योजना, सार्वजनिक यातायात, खानेपानी र फोहोर व्यवस्थापनलाई जनसंख्या वृद्धिसँग जोडेर योजना बनाउन ढिलाइ गर्नु हुँदैन ।

# दसैंको अवधिमा लुम्बिनीमा बढे पर्यटक



❒ कांक्रेविहार संवाददाता
बुटवल, १० कात्तिक

बुद्ध जन्मस्थल लुम्बिनीमा यस वर्षको दसैं अवधिमा गत वर्षको तुलनामा पर्यटक आगमन ५४ प्रतिशतले बढे को छ ।

लुम्बिनी विकास कोषको तथ्यांकअनुसार गत वर्षको तुलनामा यस वर्ष नेपाली, भारतीय तथा तेस्रो मुलुकका पर्यटकको आगमन बढेको हो ।

कोषको सूचना, जनसम्पर्क तथा आतिथ्य सत्कार शाखाले सार्वजनिक गरेको तुलनात्मक तथ्यांकअनुसार सन् २०२५ को सेप्टेम्बर २२ देखि अक्टोबर ७ सम्म लुम्बिनी भ्रमण गर्ने पर्यटकको संख्या २९ हजार ७८७ थियो । सन् २०२६ को अक्टोबर ११ देखि २५ सम्म यो संख्या बढेर ४५ हजार ९३४ पुगेको छ । यो अवधि भनेको गत वर्ष घटनास्थापनादेखि पूर्णिमासम्म र अहिले घटनास्थापनादेखि पूर्णिमासम्म हो ।

यस अवधिमा लुम्बिनी आउने पर्यटकको संख्या १६ हजार १४७ ले बढेको हो । तथ्यांकअनुसार सबैभन्दा धेरै भारतीय पर्यटकको संख्यामा वृद्धि भएको छ ।

सन् २०२५ को तुलनात्मक अवधिमा १५ हजार २६६ भारतीय पर्यटक लुम्बिनी पुगेका छन् । सन् २०२६ मा यो संख्या बढेर २४ हजार ५५७ पुगेको छ । यसरी भारतीय पर्यटकको आगमन ९ हजार २९१ अर्थात् ६०.८६ प्रतिशतले वृद्धि भएको हो ।

त्यस्तै, नेपाली पर्यटकको आगमनमा पनि उल्लेख्य वृद्धि देखिएको छ । गत वर्षको तुलनात्मक अवधिमा ७ हजार ६५६ नेपालीले लुम्बिनी भ्रमण गरेकामा यस वर्ष यो संख्या बढेर १३ हजार ७०० पुगेको छ । नेपाली पर्यटकको आगमन ६ हजार ४४ अर्थात् ७८.९४ प्रतिशतले बढेको तथ्यांकमा उल्लेख छ ।

तेस्रो मुलुकका पर्यटकको संख्या पनि बढेको छ । सन् २०२५ मा ४ हजार ८४० जना तेस्रो मुलुकका पर्यटक लुम्बिनी पुगेकामा सन् २०२६ मा यो संख्या बढेर ५ हजार ६५१ पुगेको छ । यस समूहका पर्यटकको आगमन ८११ अर्थात् १६.७६ प्रतिशतले वृद्धि भएको हो ।

लुम्बिनी विकास कोषका सूचना अधिकारी डा। हरिध्वज राईले दसैंको समयमा नेपाल र भारत दुवैतर्फ बिदामा घुमफिर गर्ने प्रचलन बढ्दै गएकाले लुम्बिनीमा पर्यटकको संख्या वृद्धि भएको बताए । अन्य क्षेत्रमा बाढीपहिरो को जोखिम रहे पनि लुम्बिनी सुरक्षित पर्यटकीय गन्तव्यका रूपमा रहेकाले पनि पर्यटकको आगमन बढेको उनको भनाइ छ । उनले दसैंको बिदा र लुम्बिनीको सुरक्षित वातावरणले पर्यटकलाई आकर्षित गरेको बताए ।

लुम्बिनीमा यस वर्षको दसैं अवधिमा देखिएको पर्यटक आगमनको वृद्धिले धार्मिक तथा सांस्कृतिक पर्यटनको सम्भावना थप उजागर गरेको छ । विशेषगरी नेपाली र भारतीय पर्यटकको संख्या बढ्नुले लुम्बिनीको आन्तरिक तथा सीमापार पर्यटनमा आकर्षण बढ्दै गएको देखाएको छ ।

# फुलखेती आम्दानीको मुख्य स्रोत



❒ कांक्रेविहार संवाददाता
दाङ, १० कात्तिक

दाङमा फुलखेती व्यवसायप्रति किसानको आकर्षण बढ्दै गएको छ । अन्य खेतीभन्दा सजिलो र आम्दानी बढी पाउने भएकाले किसानहरु फुलखेतीप्रति आकर्षित भएका हुन् ।

यति बेला दाङका विभिन्न फुलखेती गरेका स्थानमा सयपत्रि फुल ढकमक्क फुलिसकेका छन् । गढवा गाउँपालिका–३, खैरेनीका टेकेन्द्रराज रावतले विगत चार वर्षदेखि व्यावसायिक फुलखेती गर्दै आएका छन् ।

आइएससी कृषि सङ्घायअन्तर्गत वनस्पति विज्ञान अध्ययन गरेका उनले गर्दै आएका हुन् । उनले चाडपर्वलाई ध्यानमा राखी सयपत्री फुलको व्यावसायिक रूपमा फुलको खेती थालेका हुन् । अहिले उनको फुलखेती १० कठ्ठा जग्गामा फैलिएको छ ।

"पहिलो वर्ष परीक्षणका रूपमा खेती गरेँ । त्यसले राम्रो नतिजा दियो, त्यसपछि नियमित रूपमा खेती गर्दै आएको छु", उनले भने, "यो वर्ष तिहार अगाडि रु २०/२५ हजारको फुल र माला बिक्री गरिसकेको छु ।"

यो व्यावसायबाट राम्रो आम्दानी पनि हुँदै गएको उनले बताए । चाडपर्वका बेला छिमेकी देश भारतबाट फुल नेपाल आयात हुने गर्छ । त्यसलाई निरुत्साहित गर्दै स्थानीय उत्पादनलाई प्राथमिकतामा राख्नुपर्ने उहाँको माग छ ।

"धान, गहुँ लगाउनुभन्दा फुलखेती सजिलो, मल र बीउमा धेरै खर्च नहुने रहेछ । लगानीअनुसार धान, गहुँले मूल्य पाउँदैन, फुलले राम्रो मूल्य पाउँछ", उनले अनुभव सुनाए ।

उनी वार्षिक रूपमा रु दुई देखि तीन लाखसम्म बचत गर्न सफल भएका छन् । अहिले फुललाई रु २५० देखि ३०० सम्ममा र एउटा मालालाई रु ४०० का दरले बिक्री गर्दै आएको बताउँछन् ।

किसान रावतले अरुको देशमा गएर दुःख गर्नु भन्दा आफ्नै देशमा केही गर्न आवश्यक रहेको बताउँछन् । "गत वर्ष राम्रो आम्दानी भयो फुलखेतीबाट, यसवर्ष पनि तिहार आउनुभन्दा अघि बाटनै फुल माला बिक्री गर्दै आएको छु",उनले भने ।

फुलमा आत्मनिर्भर हुने गरी पुष्प कृषक प्रोत्साहनका कार्यक्रम ल्याउन स्थानीय सरकारले पहल गर्नुपर्ने उनले बताए । उनले सयपत्री फुलखेतीसँगै विभिन्न तरकारीखेती र तरकारीका बेर्ना पनि उत्पादन गरेर बिक्री गर्दै आएका छन् । दाङ जिल्लामा व्यावसायिक फुलखेती गर्ने किसानको संख्या पछिल्ला वर्षमा बढ्दै गएको छ ।

जिल्लाका १० वटै स्थानीय तहमा फुलखेती गर्ने किसान रहेका छन् । प्रोत्साहनका लागि स्थानीय सरकारले भूमिका बढाउनुपर्ने देखिन्छ ।

# तीन हजार ९०३ सवारीसाधन कारबाहीमा

❒ कांक्रेविहार संवाददाता
कञ्चनपुर, १० कात्तिक

ट्राफिक नियम उल्लङ्घन गर्ने तीन हजार ९०३ सवारीसाधन कारबाहीमा परेका छन् ।

एक महिनाको अवधिमा कारबाहीमा परेकाबाट प्रहरीले ३३ लाख ८६ हजार ५०० रकम राजस्व सङ्कलन गरेको सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक पदमबहादुर विष्टले जानकारी दिए ।

उनका अनुसार असोजमा सुदूरपश्चिममा २३५ वटा सवारी दुर्घटना भएका थिए । जसमा १२ जनाको मृत्यु भएको थियो भने ३६३ जना घाइते भएका थिए । दुर्घटनामा ३२१ सवारी संलग्न रहेका थिए ।

विष्टका अनुसार २०८ वटा दुर्घटना चालकको कारण भएका छन् भने छ



वटा मादक पदार्थ सेवनका कारण भएका छन् ।

त्यसैगरी, सवारीसाधनका कारण नौ वटा, यात्रुको कारण एक वटा, पैदलयात्रुको कारण दुई वटा, चौपायाको कारण पाँच वटा र सडकको कारण चार वटा दुर्घटना भएको प्रहरीको तथ्याङ्कमा उल्लेख छ ।

"प्रहरीले सवारीको यान्त्रिक परीक्षण गर्ने कार्यक्रमको सुरुआत गरेको छ ।", विष्टले भने ।

प्रहरीले २४ जनालाई नियन्त्रणमा लिएर दुई करोड २० लाख छ हजार मूल्य बराबरको भन्सार छली गरेर ल्याएको सामान नियन्त्रणमा लिएको छ ।

प्राकृतिक सम्पदा दोहनमा संलग्न पाँच जना मानिस र २८ वटा सवारीसाधन बरामद गरी तीन लाख ३४ हजार ९०० रुपैयाँ जरिवाना असुल गरिएको छ ।

यसमा संलग्न नौ जना मानिसलाई पक्राउ गरिएको छ । अवैध वन पैदावार चोरीमा ६२ क्युफिट काठ बरामद गरेर तीन लाख १५ हजार राजस्व सङ्कलन भएको छ । अवैध पशुपन्छी नियन्त्रणबाट प्रहरीले ११ लाख १२ हजार ३०० रुपैयाँ राजस्व सङ्कलन गरेको छ ।

## सडकको...

कठिनाइ भोग्दै आएका छन् । सडक पहुँचबाट वञ्चित पालिकामध्ये डोल्पाका डोल्पोबुद्ध, काइके, छार्काताङसोङ र शे–फोक्सुण्डो गाउँपालिका छन् । कालीकोटका महावै, पलाँता र पचालझरना तथा मुगुको मुगुम कार्मारोङ गाउँपालिका पनि राष्ट्रिय सडक सञ्जालसँग जोडिन बाँकी छन् । डोल्पाको शे–फोक्सुण्डो गाउँपालिका–८ का वडाध्यक्ष निमा लामालेसडक अभावका कारण स्थानीय बासिन्दालाई आधारभूत सेवा प्राप्त गर्नसमेत कठिनाइ भइरहेको बताए । यातायात सुविधा नहुँदा दुर्गम बस्तीका नागरिकको सदरमुकाम र अन्य सेवा केन्द्रसँगको सम्पर्क सहज बन्न सकेको छैन । सडक नपुगेका यी पालिकाको समस्या भने एउटै प्रकृतिको छैन । डोल्पा र मुगुमा कठिन भूगोल छिचोल्दै सडक निर्माण गर्नुपर्ने चुनौती छ भने कालीकोटका केही स्थानीय तहमा सडकको ट्र्याक खोलिए पनि नदीमा मोटरेबल पुल नबन्दा सवारीसाधन पुग्न सकेका छैनन् ।

कर्णाली प्रदेश सरकार
**सामाजिक विकास मन्त्रालय**
**प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र**
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

*सुचना प्रकाशन मितिः २०८३।०७।११ गते*

यस केन्द्रबाट मिति २०८३।०६।०८ गते प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना बमोजिम निर्धारित समयभित्र दर्ता हुन आएका बोलपत्रहरूमध्ये मूल्याङ्कन समितिको सिफारिस अनुसार तपसिलमा उल्लिखित बोलपत्रदाताको *बोल कबोल रकम* योग्य बोलपत्रदाताहरूको औसत बोल रकम (Average Bid Price) को *सबैभन्दा नजिक* रहेको तथा लागत अनुमानभन्दा सारभूत रूपमा बढी नभएको देखिएकोले स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र. सं. | ठेक्का नम्बर | विवरण | बोलपत्रदाताको नाम, ठेगाना | कबोल अङ्क (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|
| १ | PHLMC/KP/S/NCB-01/2083-084 | The Procurement of Transportation and Carrier Services | साझा कुरियर एण्ड कार्गो सर्भिस प्रा.लि., काठमाडौं | ३१,१०,१२५-/ |

निमित्त निर्देशक

सूचना, समाचार तथा विज्ञापनको लागि ९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

# सिम्तामा सञ्चार सेवा सुधार गर्न माग, साँझ र राति फोन गर्नै समस्या

❒ काँक्रेविहार संवाददाता
सुर्खेत, १० कात्तिक

सुर्खेतको सिम्ता गाउँपालिकामा सञ्चार सेवाको गुणस्तर सुधार गर्न र भरपर्दो इन्टरनेट सेवा विस्तार गर्न माग गरिएको छ ।गाउँपालिकाका विभिन्न वडामा मोबाइल नेटवर्क तथा इन्टरनेट सेवामा समस्या रहेको भन्दै उद्योग वाणिज्य संघ-भेरी, उपशाखा सिम्ताले सम्बन्धित निकायको ध्यानाकर्षण गराएको हो ।



सिम्ता गाउँपालिकाका वडा नम्बर १, २ र ३ का नागरिकले साँझ तथा रातिको समयमा टेलिफोन गर्नसमेत समस्या भोग्नुपरेको गुनासो गरेका छन् । सञ्चार सेवा प्रभावकारी नहुँदा स्थानीय नागरिकलाई आफन्तसँग सम्पर्क गर्न, आवश्यक सूचना आदानप्रदान गर्न तथा आकस्मिक अवस्थामा सम्पर्क स्थापित गर्न कठिनाइ भइरहेको उनीहरूको भनाइ छ ।सञ्चार सेवाको समस्या समाधान, मोबाइल नेटवर्कको गुणस्तर सुधार तथा नेपाल टेलिकमको भरपर्दो इन्टरनेट सेवा विस्तारको माग गर्दै उद्योग वाणिज्य संघ-भेरी, उपशाखा सिम्ताका अध्यक्ष गंगा प्रसाद ढकालको नेतृत्वमा गएको टोलीले नेपाल दूरसञ्चार प्राधिकरण कर्णाली प्रदेश कार्यालयसमक्ष ज्ञापनपत्र बुझाएको छ ।

ज्ञापनपत्र बुझाउन सुर्खेत उद्योग वाणिज्य संघका अध्यक्ष हर्षविक्रम खड्का, उपमहासचिव पूर्णप्रसाद अधिकारी, गैरसरकारी महासंघ कर्णाली प्रदेशका अध्यक्ष घनश्याम केसी तथा स्थानीय लक्ष्मीकुमार रेग्मीलगायतको टोली पुगेको थियो । ज्ञापनपत्रमा सिम्ता गाउँपालिकाका विभिन्न बस्तीमा मोबाइल नेटवर्क तथा इन्टरनेट सेवाको पहुँच र गुणस्तरमा समस्या रहेको उल्लेख गर्दै तत्काल प्राविधिक अध्ययन गरी आवश्यक सुधार गर्न माग गरिएको छ । नेटवर्क कमजोर भएका स्थानमा क्षमता विस्तार, पूर्वाधार विकास तथा नियमित मर्मतसम्भारको व्यवस्था गर्नसमेत आग्रह गरिएको छ ।

त्यस्तै, सिम्ताका जामुने बजार, गोर्जी बजारलगायत प्रमुख व्यापारिक केन्द्रमा उच्च गतिको इन्टरनेट सेवा विस्तार गर्न र सम्भव भएका स्थानमा फाइबर इन्टरनेटको सुविधा उपलब्ध गराउन माग गरिएको छ । ग्रामीण क्षेत्रका सरकारी कार्यालय, विद्यालय, स्वास्थ्य संस्था, व्यवसायी तथा सर्वसाधारणलाई लक्षित गरी गुणस्तरीय र भरपर्दो सञ्चार सेवा उपलब्ध गराउन दीर्घकालीन योजना बनाउनुपर्नेमा पनि जोड दिइएको छ ।

# हुम्लामा भलिबलको रोमाञ्चक प्रतिस्पर्धा, कर्णाली युथले जित्यो उपाधि

❒ काँक्रेविहार संवाददाता
हुम्ला, १० कात्तिक

हुम्लाको तीन हजार ६०० मिटर उचाइमा सञ्चालन गरिएको जिल्लास्तरीय लेकधिङ्गा हाइअल्टिच्युड भलिबल प्रतियोगिताको उपाधि सिमकोट गाउँपालिका-७ को कर्णाली युथ क्लबले जितेको छ ।




फाइनल खेलमा सेकेन्ड स्टार युथ क्लबलाई पराजित गर्दै कर्णाली युथ क्लबले उपाधि आफ्नो पक्षमा पारेको हो । हुम्ला जिल्लाकै सबैभन्दा उच्च स्थानमा रहेको खेलमैदानमा आयोजना गरिएको प्रतियोगितामा विभिन्न टोलीबीच प्रतिस्पर्धा भएको थियो ।

प्रतियोगितामा कर्णाली युथ क्लब प्रथम हुँदा सेकेन्ड स्टार युथ क्लब दोस्रो र नाम्खा गाउँपालिका-१ को हेक्पा आइस तेस्रो भएको आयोजक कमिटीका निमा लामाले बताए ।

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने टोलीले क्रमशः एक लाख, ७० हजार र ४० हजार रूपैयाँ नगद पुरस्कार प्राप्त गरेका छन् । विजेता टोलीलाई नगद पुरस्कारसँगै मेडल, ट्रफी र प्रमाणपत्र प्रदान गरिएको उनले जानकारी दिए ।

नाम्खा गाउँपालिकाको आर्थिक सहयोग तथा लेकधिङ्गा हाईअल्टिच्युड आयोजक समितिको आयोजनामा प्रतियोगिता सञ्चालन गरिएको हो ।

उच्च हिमाली क्षेत्रमा भलिबल प्रतियोगिता आयोजना गरिनुले हुम्लामा खेलकुदको विकास, स्थानीय खेलाडीको प्रतिभा पहिचान तथा खेल पर्यटन प्रवर्द्धनमा योगदान पुग्ने अपेक्षा गरिएको छ ।

## कर्णालीको...

कामी हरमितको बलमा एलबीडब्लु धरापमा परे ।

तलात ३, मार्क वाट र अकबर अली समान १ रनमा आउट भए । नन्दन यादवले ९ रनमा जोडे । कर्णालीलाई कम स्कोरमा रोक्न जनकपुरका कप्तान हरमित सिंहले ३ विकेट लिए । उनले आफ्नो स्पेलमा १ मेडन राख्दै २२ रन दिए । मोइन र राहुल यादवले समान २ विकेट लिए । ललितको नाममा एक विकेट रह्यो ।

मंगलबार नै भएको पहिलो खेलमा विराटनगर किंग्सलाई ८ रनले हराउँदै चितवन राइनोजले पनि सुखद सुरुआत गरेको छ । चितवनले दिएको १ सय ५८ रनको लक्ष्य पछ्याएको विराटनगर ३ बल अगावै १ सय ४९ रनमा अलआउट भयो । विराटनगरका लागि ओपनर इमरान शेखले ३९ र लोकेश बमले २६ रन बनाए ।


## विज्ञापन कारोबार व्यवस्थित गरौं

- विज्ञापन सम्बन्धी कारोवार गर्ने सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीहरू प्रचलित कानून बमोजिम विज्ञापन बोर्डमा सूचीकरण गराऔं,
- सूचीकरण भएका सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीहरु प्रत्येक वर्ष तोकिएको समयभित्र नवीकरण गराऔं,
- सूचीकरण तथा नवीकरणका लागि आवश्यक विवरण र कागजात अद्यावधिक गरौं,
- विज्ञापन कारोबारलाई व्यवस्थित, पारदर्शी, मर्यादित र जवाफदेही बनाऔं,
- विज्ञापन प्रकाशन तथा प्रसारण गर्दा प्रचलित नियम, कानून तथा मापदण्डको पालना गरौं,
- भ्रामक, कुटा, अतिरञ्जित तथा उपभोक्ताको हितविपरीतका विज्ञापनको प्रचार-प्रसार नगरौं।
- विज्ञापनदाता, सञ्चारमाध्यम र विज्ञापन एजेन्सीबीचको कारोबारलाई पारदर्शी र अभिलेखयोग्य बनाऔं,
- सूचीकरण र नवीकरण केवल कानूनी प्रक्रिया मात्र होइन, जिम्मेवार विज्ञापन कारोबारको आधार हो भन्ने कुरा आत्मसाथ गरौं ।

*जिम्मेवार विज्ञापन बजार निर्माणमा सहयोग गरौं*

नेपाल सरकार
विज्ञापन बोर्ड


## वीरेन्द्रनगर नगरपालिका कार्यालय, सुर्खेतको नक्सा पासको लागि संधियारका नाउँमा जारी १५ दिने सूचना

**सूचना प्रकाशित मिति : २०८३/०७/११**

लिखितम् हामी तपसिलका मानिसहरू आगे वी.न.पा.न.का.पा. वडा नं. ९ कित्ता नं. ९६८४. १६७० क्षेत्रफल १२० टोल शिवनगर टोलको जग्गामा घर बनाउन पाउँ भनी सुर्खेत जिल्ला वार्ड नं. ९ टोल शिवनगर बस्ने श्री ज्ञानु बोहराको नक्सा दरखास्त परेकोले नक्सा बमोजिमको प्रमाण सहित १५ दिनभित्र उजुरी दिन ल्याउनुहोला भन्ने व्यहोराको १५ दिने सूचना तपसिलका ठाउँमा तपसिलका मानिस साक्षी राखी टाँसिएको हो । साथै निजले पेश गरेको घरको नक्शाको पश्चिम तर्फ ८ मि. को सडक भएको भनि समेत निवेदनमा पेश हुन आएकाले फरक पर्ने छैन । फरक परी लेखिदिएको ठहरे ऐन कानून बमोजिम होस् भनी हामीहरूका मनोमान खुसी राजीसँग यो सूचना मुचुल्कामा सहीछाप गरी ९ नं. वडा कार्यालय मार्फत बी.न.न.पा.न.का.पा. कार्यालय नक्सा शाखामा चढायौ ।

**तपसिल:**

| | |
|---|---|
| **पूर्व** | **जग्गाधनी** : सीता कटुवाल |
| **पश्चिम** | **जग्गाधनी** : सडक |
| **उत्तर** | **जग्गाधनी** : अनिता शाही |
| **दक्षिण** | **जग्गाधनी** : मंगला विश्वकर्मा |

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०७/११**

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री पवित्रा वली (बोहरा)** धनी रहेको, **दर्ता नम्बर** ७२८८/०७७/०७८ बाट **वीरेन्द्रनगर-९, सुर्खेत**मा सञ्चालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **श्री मध्यपश्चिम स्टाफ होटेल** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।









काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)